# दुल्लु खस राज्यको इतिहास उत्पत्ति, विस्तार र सांस्कृतिक विरासत

प्राप्त मितिः ०१ जुलाई २०२६
स्वीकृति मितिः १३ सेप्टेम्बर २०२६
प्रकाशित मितिः अक्टोबर २०२६

गणेश बहादुर शाही
gshahi2024@gmail.com

**सार**

कर्णाली प्रदेशको दैलेख जिल्लामा अवस्थित दुल्लु नेपालको मध्यकालीन इतिहास, खस सभ्यता, भाषा, संस्कृति र पुरातात्विक सम्पदाका दृष्टिले अत्यन्त महत्वपूर्ण ऐतिहासिक क्षेत्र हो । कर्णाली नदी प्रणालीसँग जोडिएको दुल्लु क्षेत्र मध्यकालमा विकसित खस राजनीतिक र सांस्कृतिक संरचनासँग घनिष्ठ रूपमा सम्बन्धित रहेको छ । विशेषतः सिञ्जालाई केन्द्र बनाएर विकसित भएको खस साम्राज्यको राजनीतिक प्रभाव दैलेख र दुल्लुसम्म विस्तार भएको ऐतिहासिक प्रमाण, शिलालेख, पुरातात्विक अवशेष तथा स्थानीय परम्पराले देखाउँछन् । दुल्लु क्षेत्रको ऐतिहासिक महत्व केवल कुनै राज्य वा राजवंशको राजनीतिक केन्द्रका रूपमा मात्र सीमित छैनस यहाँ प्राप्त शिलालेख, कीर्तिस्तम्भ, देवल, मन्दिर, प्राचीन मूर्ति, धार्मिक स्थल तथा स्थानीय सांस्कृतिक परम्पराले मध्यकालीन कर्णाली सभ्यताको बहुआयामिक स्वरूपलाई अभिव्यक्त गरेका छन् । दुल्लुलाई खस साम्राज्यको हिउँदे राजधानीका रूपमा उल्लेख गर्ने ऐतिहासिक परम्परा यसको महत्वपूर्ण पक्ष हो । यद्यपि यस सम्बन्धमा विभिन्न इतिहासकारका व्याख्या र प्रमाणको आलोचनात्मक परीक्षण आवश्यक देखिन्छ । खस साम्राज्यको विघटनपछि कर्णाली क्षेत्रमा बाइसी चौबीसी राज्यको विकास हुँदा दुल्लुले पनि पृथक राजनीतिक पहिचान निर्माण गरेको देखिन्छ । मल्ल र शाही परम्पराका स्थानीय शासकले यहाँको राजनीतिक अस्तित्वलाई निरन्तरता दिएको छ । पछि गोरखा राज्यको विस्तारसँगै दुल्लु नेपालको एकीकृत राज्य संरचनामा समाहित भयो । यस राजनीतिक परिवर्तनका बाबजुद स्थानीय सामाजिक र सांस्कृतिक संस्थाले लामो समयसम्म निरन्तरता पाए । दुल्लुको अर्को महत्वपूर्ण पक्ष नेपाली भाषाको ऐतिहासिक विकाससँग सम्बन्धित छ । दामुपाल लगायतका प्राचीन शिलालेख र खस भाषिक परम्पराले नेपाली भाषाको विकासक्रम अध्ययनका लागि महत्वपूर्ण आधार प्रदान गर्छन् । यस अध्ययनले दुल्लुको ऐतिहासिक उत्पत्ति, राजनीतिक विकास, विस्तार, राजवंशीय परिवर्तन, भाषा र संस्कृति, धार्मिक विश्वास, पुरातात्विक सम्पदा र वर्तमान संरक्षणको अवस्थालाई समग्रतामा विश्लेषण गर्ने प्रयास गरेको छ । अध्ययनबाट दुल्लु नेपालको मध्यकालीन इतिहासको अध्ययनका लागि अत्यन्त महत्वपूर्ण क्षेत्र भएको र यसको संरक्षण र वैज्ञानिक अनुसन्धानलाई प्राथमिकता दिनुपर्ने निष्कर्ष प्राप्त हुन्छ ।

**मुख्य शब्द** : दुल्लु, खस राज्य, खस साम्राज्य, सिञ्जा, मल्ल, शाही, शिलालेख, नेपाली भाषा, पुरातत्व, सांस्कृतिक विरासत ।

## पृष्ठभूमि

नेपालको इतिहासलाई केवल काठमाडौं उपत्यकामा विकसित राजनीतिक सत्ता र सभ्यताको आधारमा मात्र बुझ्न सकिँदैन । नेपालको पश्चिमी र मध्यपश्चिमी पहाडी भूभागमा विभिन्न कालखण्डमा विकसित भएका राजनीतिक, सामाजिक, आर्थिक सांस्कृतिक संरचनाले पनि वर्तमान नेपालको निर्माणमा महत्वपूर्ण भूमिका खेलेका छन् । यस दृष्टिले कर्णाली क्षेत्र नेपालको इतिहासमा विशिष्ट स्थान राख्छ । कर्णाली नदी र यसका सहायक नदीले निर्माण गरेको भौगोलिक क्षेत्र प्राचीन समयदेखि मानव बसोबास, कृषि, पशुपालन, व्यापार र राजनीतिक गतिविधिको महत्वपूर्ण केन्द्र रहँदै आएको देखिन्छ । यही क्षेत्रमा विकसित भएको खस राजनीतिक शक्ति मध्यकालीन नेपालको इतिहासमा प्रभावशाली राजनीतिक संरचनाका रूपमा स्थापित भयो । सिञ्जा क्षेत्रलाई केन्द्र बनाएर विकसित खस साम्राज्यको प्रभाव पश्चिम नेपालका विभिन्न भूभागमा फैलिएको थियो । दैलेखको दुल्लु यसै ऐतिहासिक प्रक्रियासँग जोडिएको एउटा महत्वपूर्ण केन्द्र हो (अधिकारी, २०४५) ।

दुल्लुको ऐतिहासिक परिचय निर्माण गर्दा यसको भौगोलिक अवस्थिति विशेष महत्वपूर्ण हुन्छ । दैलेखको पहाडी भूभागमा अवस्थित दुल्लु प्राचीन समयदेखि विभिन्न बस्ती तथा व्यापारिक मार्गहरू बीच सम्पर्क स्थापित गर्ने क्षेत्रमा पर्दै आएको देखिन्छ । पहाडको भौगोलिक संरचना, प्राकृतिक स्रोत, पानीका स्रोत तथा आसपासका उपत्यका र नदी प्रणालीसँगको सम्बन्धले यस क्षेत्रलाई बसोबास तथा राजनीतिक गतिविधिका लागि उपयुक्त बनाएको हुन सक्छ । तत्कालीन समयमा राज्य निर्माणका लागि केवल उर्वर भूमि पर्याप्त हुँदैनथ्योस सुरक्षा, यातायात, व्यापारिक मार्गमाथिको नियन्त्रण, धार्मिक महत्व र प्रशासनिक पहुँच महत्वपूर्ण आधार मानिन्थे । दुल्लुको अवस्थिति यी विभिन्न पक्षसँग जोडिएको देखिन्छ । त्यसैले दुल्लुलाई केवल एउटा स्थानीय बस्तीका रूपमा नभई कर्णालीको मध्यकालीन राजनीतिक र सांस्कृतिक भूगोलको महत्वपूर्ण केन्द्रका रूपमा अध्ययन गर्न आवश्यक हुन्छ ।

दुल्लुको इतिहासबारे उपलब्ध जानकारी विभिन्न प्रकृतिका स्रोतबाट प्राप्त हुन्छ । शिलालेख, कीर्ति स्तम्भ, मन्दिर देवलका अवशेष, स्थानीय वंशावली, ऐतिहासिक ग्रन्थ, पुरातात्विक अध्ययन, भाषिक प्रमाण र मौखिक परम्परा यस क्षेत्रको इतिहास पुनर्निर्माण गर्ने प्रमुख आधार हुन् । विशेषगरी शिलालेख तत्कालीन राजनीतिक अवस्था, राजाको नाम, धार्मिक गतिविधि, सामाजिक सम्बन्ध र भाषिक अवस्थाबारे प्रत्यक्ष प्रमाण दिने भएकाले महत्वपूर्ण मानिन्छ । यस्ता स्रोतलाई स्थानीय किंवदन्ती र मौखिक इतिहाससँग तुलना गरेर अध्ययन गर्दा दुल्लुको इतिहासका विभिन्न तहलाई बुझ्न सकिन्छ । यद्यपि प्रत्येक स्रोतको आफ्नै सीमा हुने भएकाले कुनै एउटा स्रोतलाई मात्र अन्तिम प्रमाण मानेर इतिहास निर्माण गर्नु उपयुक्त हुँदैन । दुल्लुको इतिहासमा पनि कतिपय विषय परम्परागत कथन र ऐतिहासिक प्रमाण बीच फरक देखिने भएकाले आलोचनात्मक अध्ययन आवश्यक छ ।

## उद्देश्य

यस अध्ययनका उद्देश्य दुल्लु खस राज्यको इतिहास उत्पत्ति र सांस्कृतिक विरास पहिचान गर्नु रहेको छ ।

## विधि र प्रक्रिया

प्रस्तुत अध्ययन वर्णनात्मक र पुस्तकालयीय विधि रहेको छ । प्रस्तुत अध्ययनमा प्राथमिक स्रोतका सामग्री विश्लेषण गर्न द्वितीय स्रोतका सामग्रीको प्रयोग गरिएको छ । द्वितीयक स्रोतका सामग्रीका रूपमा कथाकारले विश्लेषण सम्बन्धी सैद्धान्तिक पुस्तक लेख, विषयविज्ञका राय, जानकार व्यक्तिका सुझावलाई लिइएको छ ।

## विश्लेषण र प्रस्तुतीकरण

यस अध्ययनका विश्लेषण र प्रस्तुतीकरण निम्नानुसार रहेको छ ।

**खस सभ्यताको उदय र दुल्लुको ऐतिहासिक सम्बन्ध**

खस समुदाय र खस राजनीतिक शक्तिको इतिहास पश्चिम नेपालको सामाजिक तथा राजनीतिक विकाससँग गहिरोसँग सम्बन्धित छ । मध्यकालमा कर्णाली क्षेत्रलाई केन्द्र बनाएर खस शक्तिको विस्तार भएको पाइन्छ । इतिहासमा खस साम्राज्य खस मल्ल साम्राज्यका रूपमा उल्लेख गरिने यो राजनीतिक संरचनाले वर्तमान नेपालको पश्चिमी भूभाग मात्र नभई भारतको हिमाली क्षेत्रसँग जोडिएका केही भूभागसम्म प्रभाव विस्तार गरेको विभिन्न ऐतिहासिक अध्ययनले देखाएका छन् । यस राजनीतिक शक्तिको केन्द्र सिञ्जा क्षेत्र थियो । सिञ्जा केवल राजकीय केन्द्र मात्र नभई भाषा, धर्म, कला, साहित्य र प्रशासनिक गतिविधिको महत्वपूर्ण केन्द्रसमेत थियो । खस राज्यको विस्तारसँगै यसको प्रभाव दैलेख, जुम्ला, कालिकोट, अछाम, डोटी तथा पश्चिम नेपालको अन्य भूभागमा फैलिएको देखिन्छ ।

दुल्लु र खस साम्राज्यको सम्बन्धलाई बुझ्दा राजनीतिक केन्द्र र सहायक केन्द्र बीचको सम्बन्धलाई ध्यान दिनुपर्छ । दुल्लु क्षेत्र सिञ्जाबाट दक्षिण तर्फ रहेको भएकाले मौसम, आवागमन र प्रशासनिक गतिविधिका दृष्टिले उपयोगी केन्द्रका रूपमा विकास भएको हुन सक्ने देखिन्छ । कतिपय ऐतिहासिक परम्परामा दुल्लुलाई खस साम्राज्यको हिउँदे राजधानी भनिएको पाइन्छ । यसको आधार मुख्यतः स्थानीय ऐतिहासिक परम्परा, शिलालेख र राजकीय गतिविधिसँग सम्बन्धित प्रमाणमा खोजिन्छ । हिमाली क्षेत्रमा अत्यधिक चिसो मौसमका कारण शासक र प्रशासनिक निकायले तुलनात्मक रूपमा न्यानो भूभागमा मौसमी केन्द्र राख्ने अभ्यास असम्भव थिएन । यस दृष्टिले दुल्लुको भौगोलिक अवस्थिति र सिञ्जासँगको सम्बन्धलाई हेर्दा मौसमी राजकीय केन्द्रको सम्भावना अध्ययन योग्य विषय हो । तथापि 'हिउँदे राजधानी' भन्ने पदावलीलाई निश्चित ऐतिहासिक तथ्यका रूपमा प्रस्तुत गर्दा थप प्राथमिक स्रोतको परीक्षण आवश्यक हुन्छ ।

खस साम्राज्यको विकाससँगै प्रशासनिक संरचना, कर प्रणाली, धार्मिक संस्था व्यापारिक सम्पर्क विस्तार भएका थिए । दुल्लु क्षेत्रमा भेटिएका पुरातात्विक संरचना र शिलालेखले यस क्षेत्रमा राज्यसत्ताको प्रभाव रहेको देखाउँछन् । राजकीय आदेश, धार्मिक दान, स्मारक निर्माण तथा स्थानीय प्रशासनसँग सम्बन्धित गतिविधिले दुल्लुलाई सामान्य ग्रामीण बस्तीभन्दा माथिल्लो राजनीतिक तथा सांस्कृतिक महत्व प्राप्त भएको संकेत गर्छ । दुल्लुको इतिहासलाई सिञ्जाको इतिहासबाट अलग गरेर हेर्नु भन्दा समग्र

कर्णाली खस सभ्यताको राजनीतिक भूगोलभित्र राखेर अध्ययन गर्नु बढी उपयुक्त देखिन्छ (रिजाल, २०३५) ।

**नागराजदेखि खस मल्ल शक्तिको विस्तार**

खस राज्यको उत्पत्तिका सम्बन्धमा इतिहासकारले विभिन्न मत प्रस्तुत गरेका छन् । कर्णाली क्षेत्रमा नागराजको आगमन र त्यसपछि खस राजनीतिक शक्तिको स्थापना भएको परम्परागत इतिहासमा उल्लेख पाइन्छ । नागराज तथा उनका उत्तराधिकारीले सिञ्जा क्षेत्रलाई केन्द्र बनाएर राज्य विस्तार गरेको मानिन्छ । प्रारम्भिक खस शासकको शासन व्यवस्था क्रमशः सुदृढ हुँदै गएपछि कर्णाली क्षेत्रको ठूलो भूभागमा राजनीतिक नियन्त्रण स्थापित भएको थियो । राज्य विस्तारसँगै स्थानीय प्रमुख, धार्मिक संस्था तथा विभिन्न बस्ती राज्य संरचनामा जोडिँदै गए । यस प्रक्रियामा दुल्लु पनि खस राजनीतिक प्रभावभित्र आएको देखिन्छ ।

खस राज्यको शक्ति विस्तार हुनुका पछाडि भौगोलिक तथा आर्थिक कारण पनि थिए । कर्णाली नदी प्रणालीले विभिन्न भूभाग बीच सम्पर्क स्थापित गर्न सहयोग पुऱ्याएको थियो । पहाडी बाटो हुँदै तिब्बत तर्फ र दक्षिण तर्फका मैदानसँग व्यापारिक सम्पर्क कायम हुने सम्भावना थियो । नुन, ऊन, जडीबुटी, धातु र दैनिक उपभोगका सामग्रीको विनिमयले स्थानीय अर्थतन्त्रलाई गतिशील बनाएको हुन सक्छ । राज्यले यस्ता व्यापारिक मार्ग र स्रोतमा नियन्त्रण कायम गर्दा राजनीतिक शक्ति विस्तार हुँदै जान्थ्यो । दुल्लुको अवस्थिति यस्ता सम्भावित मार्गसँग जोडिएको भएकाले यसको राजनीतिक महत्व बढेको हुन सक्ने देखिन्छ ।

खस मल्ल शासकको समयलाई कर्णाली क्षेत्रको राजनीतिक र सांस्कृतिक विकासको महत्वपूर्ण चरण मानिन्छ । यस समयमा शिलालेख लेख्ने, धार्मिक संरचना निर्माण गर्ने, प्रशासनिक व्यवस्था सञ्चालन गर्ने र स्थानीय बस्तीमा राजकीय प्रभाव विस्तार गर्ने परम्परा विकसित भयो । पृथ्वी मल्लको समय यस सन्दर्भमा विशेष उल्लेखनीय छ । उनका शासनकालसँग सम्बन्धित शिलालेख र स्मारकले तत्कालीन राजनीतिक शक्तिको स्वरूपबारे जानकारी दिन्छ । दुल्लुमा रहेका कीर्ति स्तम्भ र अन्य ऐतिहासिक संरचनालाई यस व्यापक खस मल्ल परम्परासँग जोडेर अध्ययन गर्न सकिन्छ (पोखरेल, २०५५) ।

**दुल्लुमा मल्लकालीन राजनीतिक प्रभाव**

दुल्लुको इतिहासमा मल्लकालीन प्रभाव अत्यन्त महत्वपूर्ण छ । खस मल्ल साम्राज्यको राजनीतिक संरचना सुदृढ भएको समयमा दुल्लु क्षेत्रमा राजकीय गतिविधि भएको प्रमाण विभिन्न शिलालेख तथा पुरातात्विक अवशेषबाट प्राप्त हुन्छ । राजाको नाम, उपाधि, धार्मिक कार्य, निर्माण गतिविधि र सामाजिक संरचनासँग सम्बन्धित अभिलेखले दुल्लु तत्कालीन शासन प्रणालीसँग जोडिएको देखाउँछन् । यस अवधिमा राज्य र धार्मिक संस्था बीच नजिकको सम्बन्ध रहेको थियो । मन्दिर, देवल र धार्मिक स्थलको संरक्षणलाई राजकीय प्रतिष्ठा र धार्मिक दायित्वसँग जोडेर हेरिन्थ्यो ।

पुण्य मल्ल र पृथ्वी मल्लजस्ता शासकको समय खस मल्ल राज्यको विस्तार र प्रशासनिक सुदृढीकरणको चरण थियो । उनीहरूको शासन कालसँग सम्बन्धित प्रमाणले कर्णाली क्षेत्रमा विकसित राजनीतिक संस्कृतिको उच्च अवस्था देखाउँछन् । दुल्लुमा पाइने अभिलेखीय सामग्रीले पनि यस क्षेत्रमा राजकीय उपस्थिति र सांस्कृतिक गतिविधि भएको संकेत गर्छ । दुल्लुलाई त्यस समयको प्रशासनिक तथा सांस्कृतिक केन्द्रका रूपमा व्याख्या गर्ने आधार यिनै प्रमाणमा रहेको देखिन्छ ।

दुल्लुका शिलालेखको महत्व केवल राजाको नाम र शासन काल पत्ता लगाउनमा मात्र सीमित छैन । ती शिलालेखले तत्कालीन भाषाको स्वरूप, लिपि, धार्मिक विश्वास, सामाजिक संरचना तथा राजनीतिक वैधताको अवधारणा समेत बुझ्न सहयोग गर्छन् । अभिलेखमा प्रयोग गरिएका शब्द, व्याकरणिक संरचना र लिपिको शैलीले भाषाको ऐतिहासिक विकासक्रमबारे जानकारी दिन्छ । दुल्लुको अभिलेखीय सम्पदालाई इतिहास, भाषा, पुरातत्व र समाजशास्त्र सबै दृष्टिकोणबाट अध्ययन गर्न आवश्यक छ (रिजाल, २०३५) ।

**खस साम्राज्यको विघटन र बाइसी राज्यहरूको उदय**

खस साम्राज्यको शक्ति दीर्घकालसम्म एउटै स्वरूपमा कायम रहन सकेन । चौधौँ शताब्दीपछि विशाल खस राजनीतिक संरचना क्रमशः कमजोर हुँदै गयो । केन्द्रीय सत्ता कमजोर भएपछि विभिन्न स्थानीय शासक र राजपरिवारले स्वतन्त्र राजनीतिक अस्तित्व निर्माण गर्न थाले । यही प्रक्रियाबाट पश्चिम नेपालमा बाइसी राज्य र त्यससँग सम्बन्धित साना ठूला राजनीतिक एकाइको विकास भयो । खस साम्राज्यको विघटनलाई केवल एउटा साम्राज्यको अन्त्यका रूपमा बुझ्नु पर्याप्त हुँदैन । यसले पश्चिम नेपालको नयाँ राजनीतिक भूगोल निर्माण गर्ने आधार तयार गऱ्यो ।

दुल्लुको राजनीतिक इतिहास यही परिवर्तनसँग जोडिन्छ । केन्द्रीय खस सत्ता कमजोर भएपछि स्थानीय राजकीय शक्तिले आफ्नो स्वायत्तता बढाउने अवसर प्राप्त गऱ्यो । दुल्लुमा स्थानीय शासकको प्रभाव विस्तार भएको र यसले पृथक राजनीतिक पहिचान निर्माण गरेको परम्परा पाइन्छ । यद्यपि दुल्लुलाई औपचारिक रूपमा बाइसी राज्यको सूचीमा कसरी वर्गीकृत गर्ने भन्ने विषयमा स्रोतअनुसार फरक मत हुन सक्छ । त्यसैले दुल्लुको राजनीतिक स्वरूपलाई अध्ययन गर्दा ‘स्वतन्त्र राज्य’, ‘स्थानीय रजौटा’ वा ‘क्षेत्रीय सत्ता केन्द्र’ जस्ता अवधारणाको ऐतिहासिक सन्दर्भ स्पष्ट गर्न आवश्यक हुन्छ ( अधिकारी, २०४५) ।

खस साम्राज्यको विघटनपछि खस भाषा, संस्कृति, सामाजिक संरचना र धार्मिक परम्परा समाप्त भएनन् । बरु राजनीतिक रूपमा विभिन्न राज्यमा विभाजन भए पनि सांस्कृतिक रूपमा ती क्षेत्रहरूबीच निरन्तर सम्पर्क कायम रह्यो । दुल्लुले यस निरन्तरतामा महत्वपूर्ण भूमिका खेलेको देखिन्छ । स्थानीय शासकले आफ्नो राजनीतिक अधिकार कायम राख्दै सामाजिक तथा धार्मिक संस्थालाई संरक्षण दिएको हुन सक्छ । यसले दुल्लुको ऐतिहासिक पहिचानलाई केवल राजनीतिक सत्ता परिवर्तनको परिणाम नभई दीर्घकालीन सांस्कृतिक निरन्तरताको परिणाम बनाएको छ ।

**संसार मल्ल र स्थानीय राजसत्ताको विकास**

दुल्लुको स्थानीय राजनीतिक इतिहासमा संसार मल्लको नाम उल्लेख गरिन्छ । खस साम्राज्यको केन्द्रीय सत्ता कमजोर हुँदै गएपछि स्थानीय शक्ति केन्द्र निर्माण भएको सन्दर्भमा संसार मल्ललाई दुल्लुको राजनीतिक स्वायत्ततासँग जोड्ने ऐतिहासिक परम्परा पाइन्छ । उनका सम्बन्धमा उपलब्ध स्रोतको आलोचनात्मक अध्ययन आवश्यक भए पनि दुल्लुको स्थानीय राज्य संरचना विकासबारे मौखिक तथा वंशावली परम्परामा उनको महत्वपूर्ण स्थान रहेको देखिन्छ ।

स्थानीय राज्य निर्माणको प्रक्रिया तत्कालीन नेपालको सामान्य राजनीतिक अवस्थासँग पनि जोडिएको थियो । केन्द्रीय सत्ता कमजोर हुँदा स्थानीय शासकले कर उठाउने, प्रशासन चलाउने, न्याय दिने, धार्मिक संस्थालाई संरक्षण गर्ने र सैनिक शक्ति परिचालन गर्ने अधिकार विस्तार गर्थे । यसरी दुल्लुमा विकसित स्थानीय राज्य संरचनाले पनि आसपासका बस्ती तथा भूभागसँग सम्बन्ध स्थापित गरेको हुन सक्छ । कृषि उत्पादन, पशुपालन, वनस्रोत, व्यापार र धार्मिक केन्द्रबाट प्राप्त आर्थिक स्रोतले राज्यको आधार निर्माण गरेको सम्भावना देखिन्छ ।

दुल्लुको राजनीतिक इतिहासमा मल्ल परम्परापछि शाही उपाधिधारी शासकहरूको प्रभाव देखिन्छ । शाही उपाधिको प्रयोग पश्चिम नेपालका विभिन्न स्थानीय राजनीतिक संरचनामा पाइने भएकाले यसलाई एउटै वंशीय निरन्तरताका रूपमा व्याख्या गर्नु अघि स्रोत परीक्षण आवश्यक हुन्छ । तथापि दुल्लुमा स्थानीय राजकीय परम्पराको निरन्तरता रहेको तथ्य यसको ऐतिहासिक विकासको महत्वपूर्ण पक्ष हो ( पोखरेल, २०५५) ।

**शाही शासन र छिमेकी राज्यसँगको सम्बन्ध**

दुल्लुको स्थानीय शाही परम्परा पश्चिम नेपालको व्यापक राजनीतिक प्रतिस्पर्धासँग सम्बन्धित थियो । जुम्ला, डोटी, अछाम लगायतका क्षेत्रीय राजनीतिक शक्तिसँग दुल्लुको प्रत्यक्ष अप्रत्यक्ष सम्बन्ध रहेको हुन सक्छ । मध्यकालीन पश्चिम नेपालका राज्य बीच सम्बन्ध स्थायी मित्रता शत्रुताभन्दा बढी परिस्थिति, भूगोल, व्यापार, राजकीय विवाह, सीमाना र शक्ति सन्तुलनका आधारमा परिवर्तनशील हुने गर्थ्यो । त्यसैले दुल्लु र आसपासका राज्य बीचको सम्बन्धलाई द्वन्द्व र सहकार्य दुवैको दृष्टिले अध्ययन गर्न आवश्यक छ ।

राज्यको अस्तित्व कायम राख्न स्थानीय शासकले सैन्य शक्ति मात्र होइन, कूटनीतिक सम्बन्धलाई पनि प्रयोग गर्थे । व्यापारिक बाटोको नियन्त्रण, कर संकलन, सीमावर्ती भूभागको सुरक्षा तथा प्राकृतिक स्रोतमा पहुँचका कारण राज्य बीच प्रतिस्पर्धा हुने गर्थ्यो । दुल्लुको भौगोलिक अवस्थिति यस प्रकारको शक्ति सन्तुलनमा महत्वपूर्ण हुन सक्थ्यो । यही कारणले दुल्लुको राजनीतिक इतिहासलाई स्थानीय तहमा मात्र सीमित नगरी पश्चिम नेपालको क्षेत्रीय राजनीतिक प्रणालीसँग जोडेर अध्ययन गर्नु आवश्यक छ । शाही शासन कालमा धार्मिक र सांस्कृतिक संस्थाको संरक्षणले पनि निरन्तरता पाएको देखिन्छ । मन्दिर, देवल, धार्मिक स्थल र स्थानीय जात्रा पर्वको संरक्षणले राज्य र समाज बीच सम्बन्ध कायम राख्न सहयोग गर्थ्यो । राजकीय सत्ता परिवर्तन भए पनि धार्मिक संस्था र स्थानीय सामाजिक संरचनाले

निरन्तरता पाउने भएकाले सांस्कृतिक इतिहास राजनीतिक इतिहासभन्दा लामो समयसम्म टिकिरहन्छ । दुल्लुको सांस्कृतिक निरन्तरतामा यही पक्ष विशेष महत्वपूर्ण देखिन्छ (अधिकारी, २०४५) ।

**गोर्खा राज्यमा दुल्लुको समावेश**

अठारौँ शताब्दीको उत्तरार्धमा गोरखा राज्यले नेपालका विभिन्न साना राज्यलाई आफ्नो अधीनमा ल्याउँदै विस्तार गर्‍यो । पृथ्वीनारायण शाहबाट सुरु भएको एकीकरण प्रक्रिया उनका उत्तराधिकारी तथा भारदारको नेतृत्वमा पश्चिमतर्फ पनि विस्तार भयो । यस क्रममा कर्णाली तथा आसपासका क्षेत्रमा रहेका विभिन्न स्थानीय राजनीतिक शक्ति क्रमशः गोरखा राज्यको अधीनमा आए । दुल्लुको राजनीतिक स्वायत्तता पनि यही व्यापक राज्य विस्तारको प्रक्रियामा परिवर्तन भएको देखिन्छ । दुल्लु गोरखा राज्यमा समाहित भएपछि स्थानीय शासन प्रणालीमा परिवर्तन आए पनि स्थानीय शासकको सामाजिक प्रतिष्ठा तथा केही आन्तरिक अधिकारलाई विभिन्न स्वरूपमा निरन्तरता दिइएको परम्परा पाइन्छ । 'रजौटा' प्रणालीले यस प्रकारका स्थानीय शासकलाई केन्द्रीय राज्यको अधीनमा राख्दै स्थानीय तहमा केही अधिकार प्रदान गर्ने व्यवस्था गरेको थियो । यसले नयाँ राज्यसत्ता र पुरानो स्थानीय राजनीतिक संरचना बीच संक्रमणलाई सहज बनाउन सहयोग गरेको थियो । दुल्लुको राजनीतिक इतिहासमा पनि यस प्रकारको संक्रमण महत्वपूर्ण विषय हो ।

नेपाल एकीकरणपछि दुल्लुको राजनीतिक भूमिका पुरानो राज्य केन्द्रका रूपमा कमजोर भए पनि यसको सांस्कृतिक महत्व घटेन । स्थानीय धार्मिक स्थल, शिलालेख, जात्रा, परम्परा र सामाजिक संस्थाले निरन्तरता पाए । यसबाट एउटा महत्वपूर्ण ऐतिहासिक तथ्य स्पष्ट हुन्छ । राजनीतिक सीमा परिवर्तन हुँदैमा सांस्कृतिक पहिचान तत्काल समाप्त हुँदैन । दुल्लुको इतिहासमा पनि राजनीतिक सत्ता परिवर्तन र सांस्कृतिक निरन्तरताबीचको सम्बन्ध स्पष्ट देखिन्छ (रिजाल, २०३५). ।

**दुल्लु र नेपाली भाषाको ऐतिहासिक विकास**

दुल्लुको सांस्कृतिक महत्वमध्ये नेपाली भाषाको इतिहाससँग जोडिएको पक्ष सबै भन्दा उल्लेखनीय छ । नेपाली भाषाको विकास क्रमलाई बुझ्न पश्चिम नेपालको खस भाषिक परम्परा अध्ययन गर्नुपर्ने हुन्छ । वर्तमान नेपाली भाषाको निर्माण लामो ऐतिहासिक प्रक्रियाबाट भएको हो । संस्कृत, प्राकृत, अपभ्रंश र स्थानीय खस भाषिक रूपको पारस्परिक सम्पर्क र परिवर्तनबाट पश्चिम नेपालको भाषिक परम्परा विकसित हुँदै गएको मानिन्छ । दुल्लु तथा कर्णाली क्षेत्रका शिलालेख यस विकासक्रमका महत्वपूर्ण अभिलेखीय प्रमाण हुन् । दामुपालको शिलालेखलाई नेपाली भाषाको प्रारम्भिक अभिलेखीय इतिहाससँग जोडेर अध्ययन गरिन्छ । यस्ता अभिलेखमा प्रयोग भएको भाषा आजको मानक नेपालीसँग पूर्णतः समान छैन । शब्दावली, ध्वनि, व्याकरण र वाक्य संरचनामा ऐतिहासिक परिवर्तन देखिन्छ । यही परिवर्तनको अध्ययनबाट भाषाको विकासक्रम पत्ता लगाउन सकिन्छ । दुल्लुका शिलालेख केवल पुराना अक्षरमा लेखिएका ढुंगा मात्र होइन ती नेपाली भाषाको ऐतिहासिक विकासका जीवित दस्तावेज हुन् ।

पृथ्वी मल्लसँग सम्बन्धित कीर्तिस्तम्भ र अन्य अभिलेखले पनि तत्कालीन खस भाषिक अवस्थाको अध्ययनमा सहयोग पुर्‍याउँछन् । देवनागरी लिपिको प्रयोग, स्थानीय शब्दको उपस्थिति, राजकीय उपाधि,

धार्मिक पदावली तथा प्रशासनिक शब्दले तत्कालीन समाजको भाषिक अवस्थालाई प्रतिबिम्बित गर्छन् । भाषाको विकास कुनै एक व्यक्तिको एउटै स्थानको योगदानबाट भएको नभई लामो सामाजिक प्रक्रियाको परिणाम भएकाले दुल्लुलाई नेपाली भाषाको 'एक मात्र जन्मस्थल' भन्दा नेपाली भाषाको प्रारम्भिक विकासक्रम अध्ययन गर्न सकिने प्रमुख ऐतिहासिक क्षेत्रका रूपमा बुझ्नु बढी वैज्ञानिक हुन्छ (अधिकारी, २०४५) ।

**शिलालेखको ऐतिहासिक महत्व**

दुल्लुको इतिहास पुनर्निर्माणका लागि शिलालेख सबैभन्दा महत्वपूर्ण पुरातात्विक स्रोतमध्ये पर्दछ । लिखित इतिहासका अन्य स्रोत उपलब्ध नभएको अवस्थामा ढुंगामा कुँदिएका अभिलेखले तत्कालीन समाजबारे प्रत्यक्ष जानकारी प्रदान गर्न सक्छन् । शिलालेखमा प्रायः राजाको नाम, उपाधि, वंश, धार्मिक कार्य, दान, निर्माण, प्रशासनिक आदेश र अन्य सामाजिक विषय उल्लेख हुने भएकाले तिनबाट इतिहासको राजनीतिक र सामाजिक पक्ष पुनर्निर्माण गर्न सकिन्छ ।

दुल्लुका कीर्ति स्तम्भ र शिलालेखको अध्ययन गर्दा तत्कालीन राज्य सत्ताले स्मृति निर्माणलाई पनि महत्व दिएको देखिन्छ । राजा शासकले आफ्नो शासन, धार्मिक कार्य वा विजयलाई शिलामा अंकित गर्नु केवल सूचना दिनका लागि मात्र थिएनस त्यसले आफ्नो राजनीतिक वैधता र सामाजिक प्रतिष्ठा स्थापित गर्ने उद्देश्य पनि राख्थ्यो । यसरी शिलालेख राजनीतिक सञ्चारको माध्यम समेत थिए । त्यसैले तिनलाई ऐतिहासिक तथ्यको स्रोतसँगै तत्कालीन राजनीतिक विचारधाराको अभिव्यक्तिका रूपमा पनि अध्ययन गर्न सकिन्छ (पोखरेल, २०५५) ।

शिलालेखको अर्को महत्वपूर्ण पक्ष भाषिक हो । पुराना अभिलेखमा प्रयुक्त भाषालाई आधुनिक भाषासँग तुलना गर्दा शब्द र व्याकरणमा भएका परिवर्तन देखिन्छन् । लिपिको विकास, अक्षरको बनोट र लेखन शैलीबाट पनि विभिन्न कालखण्ड छुट्याउन सकिन्छ । यस कारण दुल्लुका अभिलेख इतिहास, भाषाविज्ञान र पुरातत्व बीचको अन्तरसम्बन्ध अध्ययन गर्ने महत्वपूर्ण आधार हुन् ।

**पञ्चदेवल र धार्मिक सम्पदा**

दुल्लु क्षेत्रमा रहेका पञ्चदेवल र अन्य प्राचीन धार्मिक संरचनाले मध्यकालीन कर्णाली क्षेत्रको धार्मिक र वास्तुकलात्मक अवस्थाबारे महत्वपूर्ण जानकारी प्रदान गर्छन् । देवल निर्माण परम्परा पश्चिम नेपालको मध्यकालीन वास्तुकलासँग जोडिएको छ । यस्ता संरचनामा ढुंगाको प्रयोग, तहगत निर्माण, अनुपात र स्थानीय वास्तुशैलीका विशेषता देखिन्छ । धार्मिक संरचनाको निर्माणमा राज्य, स्थानीय अभिजात वर्ग र धार्मिक संस्थाको भूमिका रहेको हुन सक्ने देखिन्छ । दुल्लुको धार्मिक इतिहास बहुआयामिक छ । हिन्दू परम्परासँग सम्बन्धित देवीदेवताका मन्दिर तथा शैव शाक्त धार्मिक विश्वासका साथै स्थानीय प्रकृति पूजा र लोकविश्वासले पनि यहाँको सांस्कृतिक जीवनलाई प्रभावित गरेका छन् । धार्मिक स्थलहरूमा हुने पूजा, मेला, जात्रा तथा सामूहिक अनुष्ठानले समुदायबीच सामाजिक सम्बन्ध निर्माण गर्ने काम गरेका छन् । यसरी धार्मिक सम्पदा केवल पूजा गर्ने स्थान मात्र नभई सामाजिक एकता र सांस्कृतिक पहिचानका केन्द्र समेत हुन् । दुल्लु क्षेत्रका धार्मिक संरचनालाई संरक्षण गर्नुको अर्थ

पुराना भवन जोगाउनु मात्र होइन । तिनसँग जोडिएका मौखिक परम्परा, जात्रा, गीत, पूजा पद्धति, स्थानीय विश्वास तथा सामाजिक अभ्यासलाई पनि संरक्षण गर्नु हो । भौतिक सम्पदा र अमूर्त सांस्कृतिक सम्पदाबीचको सम्बन्धलाई बेवास्ता गर्दा सम्पदा संरक्षण अपूर्ण हुन सक्छ (रिजाल, २०३५). ।

**शिरस्थान, नाभिस्थान र ज्वाला परम्परा**

दैलेखको शिरस्थान, नाभिस्थान लगायतका ज्वाला क्षेत्र धार्मिक र प्राकृतिक सम्पदाका दृष्टिले उल्लेखनीय छन् । जमिनबाट प्राकृतिक रूपमा निस्कने ज्वालासँग सम्बन्धित धार्मिक विश्वासले यस क्षेत्रलाई विशिष्ट धार्मिक पहिचान दिएको छ । प्राकृतिक स्रोत र धार्मिक विश्वासको यस्तो सम्बन्ध नेपालका अन्य भूभागमा पनि पाइन्छ तर दैलेखका ज्वाला क्षेत्रको ऐतिहासिक निरन्तरता तथा स्थानीय धार्मिक परम्पराले यसलाई विशेष महत्व दिएको छ ।

प्राकृतिक ज्वालालाई धार्मिक शक्तिको प्रतीकका रूपमा हेर्ने परम्पराले स्थानीय समाजमा प्रकृति र धर्म बीचको सम्बन्धलाई देखाउँछ । यसले मानव समुदायले प्राकृतिक घटनालाई सांस्कृतिक अर्थ कसरी प्रदान गर्छ भन्ने अध्ययन गर्न पनि सहयोग पुऱ्याउँछ । ज्वाला क्षेत्र आसपासका मन्दिर, पूजास्थल र धार्मिक गतिविधिले लामो समयदेखि स्थानीय समुदायको सांस्कृतिक जीवनलाई प्रभाव पारेका छन् । यस्ता स्थलको अध्ययनमा धार्मिक विश्वाससँगै वैज्ञानिक दृष्टिकोण पनि आवश्यक हुन्छ । प्राकृतिक ग्यास वा अन्य भूगर्भीय प्रक्रियासँग सम्बन्धित ज्वालालाई धार्मिक र वैज्ञानिक दुवै कोणबाट अध्ययन गर्न सकिन्छ । यस प्रकारको बहुविषयक अध्ययनले दुल्लु तथा दैलेखको प्राकृतिक, धार्मिक र सांस्कृतिक सम्पदाको समग्र मूल्य पहिचान गर्न सहयोग पुऱ्याउँछ ।

**दुल्लुको वास्तुकला र मूर्तिकला**

दुल्लु क्षेत्रमा पाइने प्राचीन प्रस्तर संरचना तथा मूर्तिहरूले मध्यकालीन कर्णाली क्षेत्रको कलात्मक विकासको झलक दिन्छन् । ढुंगामा कुँदिएका मूर्ति, देवल तथा अन्य संरचनामा स्थानीय कलाकारको सीप देखिन्छ । धार्मिक विषयवस्तुमा आधारित मूर्तिकलाले तत्कालीन समाजमा प्रचलित धार्मिक विश्वास तथा कलात्मक शैलीको प्रतिनिधित्व गर्छ । मूर्तिको आकार, अलंकरण, आसन, प्रतीक र निर्माण प्रविधिको तुलनात्मक अध्ययनबाट विभिन्न कालखण्ड तथा कलात्मक प्रभाव पहिचान गर्न सकिन्छ । दुल्लुको वास्तुकला स्थानीय स्रोत र प्रविधिमा आधारित भएको देखिन्छ । हिमाली तथा पहाडी क्षेत्रमा उपलब्ध ढुंगा निर्माण सामग्रीका रूपमा व्यापक प्रयोग भएको थियो । धार्मिक संरचना निर्माणमा स्थानीय भूगोल अनुकूल प्रविधि अपनाइएको हुन सक्छ । यस्ता संरचनाको संरक्षणमा प्राकृतिक क्षय, भूकम्प, वर्षा, मानवीय हस्तक्षेप र उपेक्षा चुनौतीका रूपमा रहेका छन् । पुरातात्विक संरचना संरक्षणका लागि वैज्ञानिक अभिलेखीकरण आवश्यक हुन्छ । प्रत्येक संरचनाको स्थान, अवस्था, निर्माण सामग्री, शैली, अनुमानित काल, शिलालेख र स्थानीय परम्परासम्बन्धी विवरण व्यवस्थित रूपमा संकलन गर्नुपर्छ । डिजिटल प्रविधिको प्रयोग गरी तीन आयामिक अभिलेख तयार गर्न सके भविष्यका अनुसन्धानकर्ताले पनि ती सम्पदाको अध्ययन गर्न सक्ने छन् (पोखरेल, २०५५) ।

**सामाजिक तथा सांस्कृतिक जीवन**

दुल्लुको सांस्कृतिक जीवन राजनीतिक इतिहाससँग अभिन्न रूपमा जोडिएको छ । कृषि, पशुपालन, स्थानीय व्यापार, धार्मिक अनुष्ठान, जात्रा, लोकगीत, लोककथा सामुदायिक परम्पराले यहाँको सामाजिक संरचना निर्माण गरेका छन् । पहाडी समाजमा परिवार, नातेदारी, समुदाय र धार्मिक संस्था बीच घनिष्ठ सम्बन्ध हुने भएकाले सामाजिक जीवन सामूहिक गतिविधिमा आधारित हुने गरेको पाइन्छ ।

स्थानीय लोक परम्पराले लिखित इतिहासमा उल्लेख नभएका धेरै घटनाको स्मृति जोगाएर राखेको हुन्छ । कुनै राजाको नाम, युद्ध, निर्माण, धार्मिक स्थल महत्वपूर्ण व्यक्तिसँग सम्बन्धित कथा पुस्तौंदेखि मौखिक रूपमा हस्तान्तरण हुन सक्छ । यस्ता मौखिक स्रोतलाई जस्ताको तस्तै ऐतिहासिक तथ्य मान्नु उचित नभए पनि अन्य स्रोतसँग तुलना गर्दा इतिहासका छुटेका पक्ष बुझ्न महत्वपूर्ण सहयोग पुग्छ । दुल्लुको इतिहासमा स्थानीय मौखिक परम्पराको व्यवस्थित संकलन आवश्यक छ । दुल्लुको सांस्कृतिक पहिचानमा भाषा प्रमुख आधार हो । स्थानीय भाषिक प्रयोग, लोकगीत, उखान, टुक्का तथा मौखिक साहित्यले खस सांस्कृतिक परम्पराको निरन्तरता देखाउँछन् । आधुनिक नेपाली भाषाले मानकीकरण र औपचारिक विस्तार पाए पनि स्थानीय भाषिक विविधता अझै ऐतिहासिक भाषिक सम्पदाको महत्वपूर्ण भाग हो । त्यसैले भाषिक संरक्षणलाई सांस्कृतिक सम्पदा संरक्षणकै एक पक्षका रूपमा लिनु पर्छ ।

**दुल्लुको आर्थिक जीवन र व्यापार**

मध्यकालीन राज्यहरूको विकासमा आर्थिक आधारको महत्व अत्यधिक थियो । दुल्लुको राजनीतिक महत्वसँग यसको आर्थिक अवस्थालाई जोडेर हेर्नुपर्छ । कृषि, पशुपालन, वनस्रोत, जडीबुटी तथा स्थानीय व्यापारले यहाँको अर्थतन्त्रमा योगदान गरेको हुन सक्छ । पहाडी क्षेत्रको कृषि उत्पादन सीमित भए पनि स्थानीय आवश्यकता पूरा गर्न कृषि तथा पशुपालनको संयोजन गरिएको देखिन्छ । कर्णाली क्षेत्र तिब्बत र दक्षिणी भूभाग बीचको व्यापारिक सम्पर्कसँग सम्बन्धित थियो । हिमाली क्षेत्रमा उत्पादन हुने नुन, ऊन तथा पशुजन्य सामग्री दक्षिणतर्फ आउँथे भने दक्षिणबाट खाद्यान्न, कपडा, धातु तथा अन्य वस्तु उत्तरतर्फ जाने गर्थे । यस्ता व्यापारिक सम्बन्धले दुल्लु जस्ता रणनीतिक स्थानलाई आर्थिक महत्व प्रदान गरेको हुन सक्छ । व्यापारिक मार्गको सुरक्षा र कर संकलन राज्यका लागि महत्वपूर्ण आम्दानीको स्रोत बन्न सक्थ्यो । दुल्लुको राजनीतिक शक्ति र व्यापारिक गतिविधि बीचको सम्बन्धबारे थप अनुसन्धान आवश्यक छ । पुराना बाटो, चौतारा, बस्तीको स्थान, बजार क्षेत्र, पानीका स्रोत र स्थानीय मौखिक परम्पराको अध्ययनबाट प्राचीन व्यापारिक मार्गको पुनर्निर्माण गर्न सकिन्छ । पुरातात्विक सर्वेक्षणसँग ऐतिहासिक नक्सा र स्थानीय स्मृतिलाई जोड्दा यस क्षेत्रमा आर्थिक इतिहासको नयाँ पक्ष उजागर हुन सक्छ ( पोखरेल, २०५५) ।

**दुल्लु राज्यको राजनीतिक महत्व**

दुल्लुको राजनीतिक इतिहासलाई समग्रमा हेर्दा यसको महत्व तीन चरणमा बुझ्न सकिन्छ । पहिलो चरणमा यो खस साम्राज्यको प्रभाव क्षेत्र सम्भावित मौसमी राजकीय केन्द्रका रूपमा विकसित भएको

देखिन्छ । दोस्रो चरणमा खस साम्राज्यको विघटनपछि स्थानीय राजनीतिक शक्तिको विकाससँगै दुल्लुले पृथक क्षेत्रीय पहिचान प्राप्त गर्‍यो । तेस्रो चरणमा गोरखा राज्यको विस्तारसँगै यसको स्वतन्त्र राजनीतिक हैसियत समाप्त भई एकीकृत नेपाली राज्य संरचनाभित्र समाहित भयो । यी तीन चरणबीच राजनीतिक संरचना परिवर्तन भए पनि सांस्कृतिक निरन्तरता भने कायम रहयो । राजनीतिक केन्द्रका रूपमा दुल्लुको महत्व केवल राजदरबार शासकको उपस्थितिमा सीमित थिएन । प्रशासनिक गतिविधि, धार्मिक संरचना, व्यापार, सामाजिक संगठन र स्थानीय उत्पादन प्रणालीले राजनीतिक केन्द्रलाई आधार प्रदान गर्थे । दुल्लुमा रहेका अभिलेख र पुरातात्विक अवशेषले यस्तो बहुआयामिक केन्द्रको संकेत गर्छन् (अधिकारी, २०४५) ।

**दुल्लुको सांस्कृतिक विरासतको निरन्तरता**

दुल्लुको सांस्कृतिक विरासतलाई दुई भागमा विभाजन गरेर हेर्न सकिन्छ भौतिक र अमूर्त भौतिक विरासतमा शिलालेख, कीर्तिस्तम्भ, मन्दिर, देवल, मूर्ति, प्राचीन बस्तीका अवशेष र अन्य पुरातात्विक संरचना पर्दछन् । अमूर्त विरासतमा भाषा, लोकगीत, लोककथा, जात्रा, धार्मिक अनुष्ठान, परम्परागत ज्ञान, सामाजिक अभ्यास तथा मौखिक इतिहास पर्दछन् । यी दुवै एक अर्कासँग सम्बन्धित छन् । कुनै मन्दिरको भवन मात्र संरक्षण गरेर त्यससँग सम्बन्धित पूजा, जात्रा र स्थानीय परम्परा समाप्त भएमा सम्पदाको आधा जीवन समाप्त हुन्छ । त्यसैगरी कुनै लोकगीत परम्परा मात्र जोगाएर त्यससँग सम्बन्धित ऐतिहासिक स्थान नष्ट हुन दिएमा सांस्कृतिक स्मृति कमजोर हुन्छ । त्यसैले दुल्लुको सम्पदा संरक्षणमा भौतिक तथा अमूर्त दुवै पक्षलाई समान महत्व दिनुपर्छ ।

**आधुनिक समयमा संरक्षणका चुनौती**

दुल्लुको ऐतिहासिक सम्पदा माथि विभिन्न चुनौती देखिन्छ । प्राकृतिक क्षय, भूकम्प, वर्षा, तापक्रम परिवर्तन, वनस्पतिको वृद्धि तथा मानवीय हस्तक्षेपले पुरातात्विक संरचनामा असर पार्न सक्छ । कतिपय अवस्थामा आधुनिक निर्माणका क्रममा पुराना संरचनाको महत्व पर्याप्त रूपमा ध्यानमा नपर्न सक्छ । संरक्षणको वैज्ञानिक विधि नअपनाउँदा मर्मत गर्ने क्रममा मूल वस्तुशैली समेत बिग्रन सक्ने सम्भावना हुन्छ । अर्को चुनौती अभिलेखीय सामग्रीको संरक्षण हो । पुराना शिलालेख र संरचनाको उचित अभिलेखीकरण नहुँदा भविष्यमा तिनको अध्ययन कठिन हुन सक्छ । प्रत्येक ऐतिहासिक स्थलको उच्च गुणस्तरको फोटो, लेख, मापन, स्थानगत विवरण र डिजिटल अभिलेख तयार गर्न आवश्यक छ । स्थानीय विद्यालय, विश्वविद्यालय, स्थानीय सरकार र पुरातत्व सम्बन्धी निकाय बीच सहकार्य गरी यस्तो काम गर्न सकिन्छ । सम्पदा संरक्षणमा स्थानीय समुदायको सहभागिता अत्यन्त आवश्यक हुन्छ । स्थानीय मानिसलाई सम्पदाको ऐतिहासिक मूल्यबारे जानकारी नदिई बाह्य निकायबाट मात्र संरक्षण कार्यक्रम सञ्चालन गर्दा दीर्घकालीन परिणाम प्राप्त गर्न कठिन हुन्छ । स्थानीय समुदायलाई सम्पदा संरक्षणको साझेदार बनाएर पर्यटन, स्थानीय रोजगारी र सांस्कृतिक कार्यक्रमसँग जोड्न सके संरक्षण र आर्थिक विकासबीच सन्तुलन कायम गर्न सकिन्छ (अधिकारी, २०४५) ।

**पर्यटन र अनुसन्धानको सम्भावना**

दुल्लुको ऐतिहासिक र पुरातात्विक सम्पदाले सांस्कृतिक पर्यटनको ठूलो सम्भावना बोकेको छ। शिलालेख, कीर्ति स्तम्भ, पञ्चदेवल, शिरस्थान, नाभिस्थान र ऐतिहासिक स्थललाई एउटै सांस्कृतिक मार्गका रूपमा विकास गर्न सकिन्छ। यस्तो पर्यटन केवल मनोरञ्जनमा आधारित नभई इतिहास र संस्कृतिको अध्ययनसँग जोडिनु पर्छ। स्थानीय गाइडलाई ऐतिहासिक र सांस्कृतिक विषयमा तालिम दिन सके पर्यटकले प्रमाणमा आधारित जानकारी प्राप्त गर्न सक्छन्। दुल्लुमा विश्वविद्यालय तथा अनुसन्धान संस्थाले पुरातत्व, इतिहास, भाषाविज्ञान, समाजशास्त्र, मानवशास्त्र र वास्तुकला सम्बन्धी अध्ययन सञ्चालन गर्न सक्छन्। शिलालेखको नयाँ पठन, मिति निर्धारण, भाषिक विश्लेषण, पुरातात्विक उत्खन र स्थानीय मौखिक इतिहासको दस्तावेजीकरणले दुल्लुको इतिहासबारे नयाँ तथ्य प्रकाशमा ल्याउन सक्छ। दुल्लुलाई सिञ्जा र कर्णालीका अन्य ऐतिहासिक केन्द्रसँग जोडेर अध्ययन गर्नु आवश्यक छ। एउटै ऐतिहासिक सभ्यताका विभिन्न केन्द्रलाई अलग अध्ययन गर्दा समग्र चित्र अपूर्ण हुन सक्छ। सिञ्जा, दुल्लु, दैलेखका ज्वाला क्षेत्र पश्चिम नेपालका अन्य खसकालीन स्थललाई एउटै ऐतिहासिक सांस्कृतिक प्रणालीका रूपमा अध्ययन गर्दा खस सभ्यताको वास्तविक विस्तार र प्रभाव बुझ्न सजिलो हुन्छ।

**दुल्लुको इतिहास र राष्ट्रिय पहिचान**

दुल्लुको इतिहास नेपालको राष्ट्रिय पहिचान निर्माणमा क्षेत्रीय इतिहासको योगदानलाई स्पष्ट पर्छ। आधुनिक नेपालको निर्माण विभिन्न ऐतिहासिक राज्य, समुदाय, भाषा र संस्कृतिको अन्तरसम्बन्धबाट भएको हो। त्यसैले राष्ट्रिय इतिहासमा कर्णाली तथा दुल्लुजस्ता क्षेत्रको योगदानलाई पर्याप्त स्थान दिनु आवश्यक छ। दुल्लुको शिलालेख, भाषा, कला, वास्तुकला र राजनीतिक इतिहासले नेपाल राष्ट्र निर्माणको दीर्घकालीन प्रक्रियालाई बुझ्न सहयोग पुऱ्याउँछ। नेपाली भाषाको ऐतिहासिक विकासमा कर्णाली क्षेत्रको योगदान विशेष रूपमा महत्वपूर्ण छ। नेपालको प्रशासन, शिक्षा र साहित्यमा व्यापक प्रयोग हुने नेपाली भाषाको प्रारम्भिक विकासक्रम पश्चिम नेपालको खस भाषिक परम्परासँग जोडिएको छ। यस कारण दुल्लु स्थलको संरक्षण भाषिक इतिहासको संरक्षण पनि हो पोखरेल, २०५५)।

## निष्कर्ष

दुल्लु खस राज्यको इतिहास नेपालको मध्यकालीन राजनीतिक, सामाजिक, भाषिक र सांस्कृतिक इतिहासको महत्वपूर्ण अध्याय हो। कर्णाली क्षेत्रलाई केन्द्र बनाएर विकसित खस राजनीतिक शक्तिको विस्तारसँग दुल्लुको सम्बन्ध स्थापित भएको देखिन्छ। सिञ्जा खस राज्यको प्रमुख केन्द्रका रूपमा विकसित हुँदा दुल्लुले पनि प्रशासनिक, सांस्कृतिक तथा धार्मिक गतिविधिका लागि महत्वपूर्ण स्थान प्राप्त गरेको देखिन्छ। दुल्लुलाई खस साम्राज्यको हिउँदे राजधानीका रूपमा उल्लेख गर्ने परम्परा यसको ऐतिहासिक पहिचानको एउटा महत्वपूर्ण पक्ष भए पनि यस विषयमा उपलब्ध प्राथमिक प्रमाणको थप आलोचनात्मक परीक्षण आवश्यक छ।

खस साम्राज्यको राजनीतिक शक्ति कमजोर हुँदै गएपछि पश्चिम नेपालमा विभिन्न स्थानीय राज्य तथा शक्ति केन्द्रको उदय भयो। यसै प्रक्रियामा दुल्लुले पनि आफ्नो स्थानीय राजनीतिक पहिचान कायम

गरेको देखिन्छ । मल्ल तथा शाही परम्परासँग सम्बन्धित स्थानीय राजकीय संरचनाले दुल्लुको राजनीतिक अस्तित्वलाई विभिन्न चरणमा निरन्तरता दिएको छ । पछि गोरखा राज्यको विस्तारसँगै दुल्लु एकीकृत नेपालको राजनीतिक संरचनामा समाहित भयो । राजनीतिक रूपमा यसको स्वतन्त्रता समाप्त भए पनि स्थानीय सामाजिक, धार्मिक तथा सांस्कृतिक संस्थाले निरन्तरता पाए ।

दुल्लुको सबैभन्दा महत्वपूर्ण विरासत यसको पुरातात्विक र अभिलेखीय सम्पदा हो । शिलालेख, कीर्ति स्तम्भ, पञ्चदेवल, मन्दिर, मूर्ति र ज्वाला क्षेत्रले कर्णालीको मध्यकालीन सभ्यताको उच्च सांस्कृतिक अवस्थालाई अभिव्यक्त गर्छन् । यी सम्पदाले तत्कालीन राजनीतिक सत्ता, धार्मिक विश्वास, वास्तुकला, कला, सामाजिक संरचना भाषिक अवस्थाबारे जानकारी प्रदान गर्छन् । विशेषगरी प्राचीन शिलालेख नेपाली भाषाको विकासक्रम अध्ययनका लागि अमूल्य स्रोत हुन् । दुल्लुको भाषिक इतिहासलाई नेपाली भाषाको सम्पूर्ण विकासको एक मात्र आधार भन्नु भन्दा यसको प्रारम्भिक खस भाषिक अवस्थाको अध्ययनका लागि महत्वपूर्ण प्रमाणका रूपमा लिनु बढी वैज्ञानिक हुन्छ ।

दुल्लुको सांस्कृतिक विरासत भौतिक संरचनामा मात्र सीमित छैन । स्थानीय भाषा, लोकगीत, लोककथा, धार्मिक अनुष्ठान, जात्रा, मौखिक इतिहास र सामाजिक परम्पराले यसको जीवित सांस्कृतिक पहिचान निर्माण गरेका छन् । त्यसैले संरक्षणको नीति बनाउँदा पुराना भवन र शिलालेख मात्र जोगाउने होइन, तिनसँग सम्बन्धित समुदायको सांस्कृतिक अभ्यासलाई पनि संरक्षण गर्न आवश्यक हुन्छ । स्थानीय समुदाय, विद्यालय, विश्वविद्यालय, स्थानीय सरकार र पुरातत्वसम्बन्धी निकाय बीच सहकार्यबाट दुल्लुको सम्पदा संरक्षणलाई प्रभावकारी बनाउन सकिन्छ ।

दुल्लु केवल दैलेखको एउटा ऐतिहासिक बस्ती होइन यो कर्णालीको मध्यकालीन राजनीतिक शक्ति, खस सभ्यता, नेपाली भाषाको प्रारम्भिक विकास, धार्मिक परम्परा, वास्तुकला र स्थानीय सांस्कृतिक निरन्तरताको महत्वपूर्ण केन्द्र हो । दुल्लुको इतिहास अझै पूर्ण रूपमा अनुसन्धान भइसकेको छैन । उपलब्ध शिलालेखको पुनपठन, वैज्ञानिक पुरातात्विक सर्वेक्षण, सम्भावित उत्खनन, स्थानीय वंशावलीको आलोचनात्मक अध्ययन, मौखिक इतिहासको अभिलेखीकरण र भाषिक अनुसन्धानलाई अगाडि बढाउन सके दुल्लुको इतिहासका धेरै अस्पष्ट पक्ष स्पष्ट हुन सक्छन् । यसका लागि दुल्लुलाई राष्ट्रिय सम्पदाको दृष्टिले मात्र नभई दक्षिण एसियाली हिमाली सभ्यताको अध्ययन गर्ने महत्वपूर्ण अनुसन्धान क्षेत्रका रूपमा स्थापित गर्न आवश्यक छ । दुल्लुको संरक्षण र अध्ययनले नेपालको इतिहासलाई थप समावेशी, प्रमाणमा आधारित र बहुआयामिक बनाउन योगदान पुऱ्याउनेछ ।

## सन्दर्भ सूची

अधिकारी, सूर्यमणि (२०४५), *खस साम्राज्यको इतिहास,* काठमाडौँ: भुँडीपुराण प्रकाशन ।

रिजाल, बाबुकृष्ण (२०३५), *दैलेखका केही पुरातात्विक अवशेषहरू,* काठमाडौँ: पुरातत्व विभाग ।

पोखरेल, बालकृष्ण (२०५५), *खस जातिको इतिहास,* विराटनगर ।

विभिन्न स्थानीय शिलालेख तथा ताम्रपत्रहरू (प्राथमिक स्रोत) ।